# कामना सेवा विकास बैंक लि.
# Kamana Sewa Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

**केन्द्रीय कार्यालयः** पोखरा लेखनाथ महानगरपालिका-८, सृजनाचोक, कास्की
फोन : ०६१-५३९६७२, ५३९६७३ फ्याक्स : ०६१-५३७४९९

## ट्रान्सफर्मर खरिदका लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७४/१०/२३

यस कामना सेवा विकास बैंक लिमिटेडको प्रस्तावित केन्द्रीय कार्यालय काठमाण्डौं-३०, ज्ञानेश्वर स्थित आफ्नै भवनमा विद्युत आपुर्त्तिका लागी 150KVA,11/0.4KV Distribution Transformer जडान गर्नुपर्ने भएकोले इच्छुक नेपाल सरकारबाट मान्यताप्राप्त, कालोसूचीमा नपरेका फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा निम्न बमोजिमको शर्तहरु पालना गर्ने गरी रीतपूर्वकको सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) बुझाई (पछि फिर्ता नहुने गरी) यस बैंकको केन्द्रीय कार्यालय, पोखरा लेखनाथ-८, सृजनाचोकबाट कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। साथै बैंकको वेभ साइट www.kamanasewabank.com बाट समेत प्राप्त गर्न सकिनेछ र बोलपत्रबापत लाग्ने शुल्क बोलपत्र पेश गर्दा संगै बुझाउनु पर्नेछ।

२. गोप्य सिलबन्दी बोलपत्र फारम मिति २०७४ साल माघ २८ गतेभित्र कार्यालय समयमा आवश्यक सम्पूर्ण कागजात संलग्न गरी सिलबन्दी बोलपत्रको खामको बाहिर फर्म/कम्पनीको नाम, ठेगाना, फोन नम्बर र प्रयोजन स्पष्ट लेखिएको हुनुपर्नेछ।

३. बोलपत्र पेश गर्दा बैंकले तयार गरि दिएको आधिकारीक फारम मार्फत दरभाउ लेखि पेश गर्नु पर्नेछ।

४. ट्रान्सफर्मर बैंक भवनको पुर्व दक्षिण कुनामा रहने गरी भुमिगत रुपमा तार बिच्छाई विद्युत आपुर्ति गर्नुपर्नेछ र ट्रान्सफर्मरमा प्रयोग हुने सम्पूर्ण विद्युतीय सामाग्रीहरु नेपाल गुणस्तर मापदण्ड बमोजीमका हुनुपर्नेछ।

५. बोलपत्रसाथ निम्न कागजात संलग्न गर्नुपर्नेछ।
- फर्म/कम्पनीका तर्फबाट आधिकारिक व्यक्तिको नागरिकताको प्रमाणित प्रतिलिपि।
- फर्म/कम्पनीको निर्णय उतार प्रतिलिपि र अख्तियारनामा।
- अद्यावधिक फर्म/कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
- स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर (VAT) दर्ताको प्रमाणपत्रको प्रतिलिपि।
- गत आ.व. को करचूक्ता प्रमाणपत्रको प्रतिलिपि।

६. रीत नपुगेको तथा समय गुजारी आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

७. गोप्य सिलबन्दी बोलपत्र, २०७४ साल माघ २९ गते (सो दिन सार्वजनिक बिदा परेमा बिदापश्चात् कार्यालय खुलेको दिन) बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहबरमा बैंकको केन्द्रीय कार्यालय, पोखरा लेखनाथ-०८, सृजनाचोकमा दिनको १:०० बजे खोलिनेछ। तर बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

८. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।